राजेन्द्र बजगाई
प्रतिनिधि सभा सदस्य
(गोरखा क्षेत्र नं. १ )

मिति : २०८१/०८/०१

माननीय शेर बहादुर देउवा ज्यू,

संसदिय दलका नेता तथा सभापति नेपाली काँग्रेस

संसदिय दलको कार्यालय सिंहदरबार, नेपाली कांग्रेस केन्द्रीय कार्यालय सानेपा ।

ncparty2003@gmail.com

विषयः **साँचो लोकतन्त्रले साहस माग्छ ।**

सभापति महोदय,

पछिल्लो समय तपाईले लोकतन्त्रको Core Value मा जारी गरेको विचार र निर्णय मलाई स्मरण गर्न अनुमति दिनुहोस ।

**(क) कान्तिपुर अध्यक्ष कैलाश सिरोहिया पक्राउ** "पर्दा कान्तिपुर पल्टाउदै जाने हो भने स्थापनाकालदेखि मेरो विपक्षमा मात्र लेखेको देख्न सकिन्छ तर मैले कहिल्यै स्वतन्त्र प्रेस माथि धावा बोलिन ।

**(ख)** मेयर बालेन शाह माथि सिंहदरबार जलाउने वहाँको अभिव्यक्ति पछि तत्कालीन सरकारमा सामेल दलहरूको बैठकमा बालेन शाह नियन्त्रणमा लिने विषय उठान भयो। यस विषयमा एक लामो ऐतिहासिक पार्टीले हुर्काएको Democracy को Core Value मा Brought-up भएको कांग्रेस सभापति शेर बहादुर देउवा बाट मेयर शाहलाई नियन्त्रणमा लिने विचारको विपक्षमा उभिएको प्रसंग माननीय सी के राउत बाट सार्वजनिक भयो । यो लोकतन्त्रको सुन्दर पक्ष थियो ।

**(ग)** २०७४ सालको आम निर्वाचन पछि मैले संसदमा तत्कालीन महामहिम राष्ट्रपति बाट सरकारको नीति तथा कार्यक्रम मन्तव्य जारी भएपछि तत्कालिन कांग्रेस सचेतक मा. बालकृष्ण खाँड ले संसदको प्रमुख प्रतिपक्षले नीतिकार्यक्रममा अनिवार्य टिप्पणी गर्ने अन्तर्राष्ट्रीय संसदीय अभ्यास र मर्यादामा प्रश्न उठाएर स्वयं सभापति विरुद्धनै मुद्धा दर्ता गराएको थिएँ। मैले त्यहाँ स्मरण गरेको थिए, इराकी राष्ट्रपति सद्दाम हुसैन ले संसदमा ९८

पत्राचार ठेगाना :
७००-५४०२१६ सुवर्ण शम्शेर मार्ग
का.म.न.पा. ४, बालुवाटार
मोवाइल : ९८५१०२२७१७, फोन : ०१-४४३११७७
rajendrabajgain.nc@gmail.com

कार्यालय :
नेपाली कांग्रेस संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२०००
ncparliamentary@gmail.com

**राजेन्द्र बजगाई**
**प्रतिनिधि सभा सदस्य**
**(गोरखा क्षेत्र नं. १ )**

% संख्या थियो त्यहाँ आफ्ना सत्तापक्षका सांसदलाई प्रतिपक्षको बेन्चमा पठाउने प्रचलन थियो । मैले नैतिक प्रश्न उठाउदा समेत मलाई कांग्रेस सभापतिले प्रदेश तथा संसदीय निर्वाचनको टिकट दिनुभयो ।

म तपाईको लामो समयको कडा समर्थक अर्थात् तपाई माथि श्री ५ ज्ञानेन्द्र वीर बिक्रम शाहदेव बाट लगाईएको कृत्रिम मुद्धामा प्रतिकार पनि गरेको, तपाईको सभापति निर्वाचनको रणनैतिक कार्यभार अर्थात् प्रत्येक महाधिवेशन सदस्य मतदाता प्रतिनिधिको इतिहास उतारे पत्र लेखाएर १३ औं महाधिवेशन जिताएको अनुभव पनि छ ।

जवाफदेहिता माग्ने आवाजलाई नदबाउने लोकतान्त्रिक नेताको रूपमा तपाई चित्रित भैसक्नु भएको छ। संसदीय लोकतन्त्रमा जवाफदेहिता र निष्ठामा आधारित प्रश्नहरु भित्रबाट यो पत्र लेख्दैछु । म सामान्य परिवार कृषक बुवा आमाको एक लोकतान्त्रिक बीर हुँ। म ३/३ पटक राजनैतिक प्रतिशोधको हत्या आक्रमण प्रयास बाट बाँच्न उम्कन सफल राजनीतिक कर्मी पनि हुँ। मैले पहाडतिर घर गोठ डुल्दा मैले उद्धार गरेका बाँचेका मान्छेहरू, म सँग आमा बनेर बाँचेका दीदीबहिनी, दुःखले जीवन बिताईरहेका गोठाला वृद्धासंग छपक्कै भेट् हुने गर्दछ। यसबाट मैले गरेका उद्धार प्रयासको संख्या ठुलो देखाउछ । यो आत्मचर्चा होईन ।

म एक गतिशील, स्वनिर्भर, र साहसिक सांसद हुँ। नेपाली राजनीतिमा स्पष्ट, तथ्यपरक र राष्ट्रहित केन्द्रित विचार प्रस्तुत गर्न प्रयत्नशील छु। मैले विशेषगरी पर्यटन, ऊर्जा, क्षेत्रीय स्वार्थ, र नेपालको भू-राजनीतिक महत्वका विषयमा स्पष्ट धारणा राख्दै आएको छु भनेर मैले लेखिरहनु पर्दैन भन्ने लाग्दछ ।

पर्यटन क्षेत्र र हिमालय निषेधबारे मैले ईसं १९५९ को दलाई लामाको निर्वासनपछि नेपालका हिमालय क्षेत्रहरूको प्रतिबन्धलाई अनावश्यक र औचित्यहीन ठहर गरेको छु। नेपाल जस्तो पर्यटकीय आकर्षणको देशले आफ्नो प्रमुख प्राकृतिक सम्पदालाई विश्वसमक्ष खुला गर्नुपर्ने तर्क राख्दै, यो निषेधले नेपालको आर्थिक विकासमा बाधा पुर्याएको स्पष्ट गरेको छु।

नेपालको भूभाग र उर्जा नीतिः नेपाली भूभाग मिचिएको र यसबारे सरकारले कडा कदम नचालेकोमा म सधैं आक्रोशित छु। भारतमा नेपालको ऊर्जा बजार निर्भर रहनुको जोखिमलाई चिनाउँदै, गलवान युद्धमा लदाख ग्रिड आक्रमणपछि मुम्बई ब्ल्याकआउट भएको जस्ता घटनाहरूको सन्दर्भमा चीन र अन्य देशहरूसँग ऊर्जा क्षेत्रमा रणनीतिक साझेदारीको आवश्यकता औंल्याउने म, अनन्तकालिन विचार प्रस्तुत गर्दै, भारतले रणनीतिक कारणले गर्दा नेपालको ऊर्जा बजारलाई नियन्त्रणमा राख्न सक्ने सम्भावनाबारे सजग रहनु आवश्यक छ भन्ने गर्छु। यो भारतको विशेष चिन्ताको बिषय हो उ हाम्रो उर्जा बजार हो ।

पत्राचार ठेगाना :
७००-५४०२१६ सुवर्ण शम्शेर मार्ग
का.म.न.पा. ४, बालुवाटार
मोवाइल : ९८५१०२२७१७, फोन : ०१-४४३११७७

कार्यालय :
नेपाली कांग्रेस संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२०००

rajendrabajgain.nc@gmail.com

ncparliamentary@gmail.com

**राजेन्द्र बजगाई**
**प्रतिनिधि सभा सदस्य**
**(गोरखा क्षेत्र नं. १ )**

क्षेत्रीय स्वार्थ र नेपालका रणनीतिक चासोहरू: मैले नेपालको क्षेत्रीय स्वार्थ सुरक्षित गर्न र क्षेत्रीय आक्रामकताविरुद्ध दृढता अपनाउन आवश्यक देख्ने गरेको छु। इजरायलमाथि भएको आक्रमण, हवाई भाडामा भएको वृद्धिलगायत ICAO र अन्तर्राष्ट्रिय मान्यता सम्बन्धी विषयमा स्पष्ट विचार राख्दै आएको म नेपालको सुरक्षा र स्थायित्व सुनिश्चित गर्न, कुनै पल नेपालको स्वाधीनताको लागी नेपाल-अमेरिकी इंडो-प्यासेफ़िक बेसलाई स्वीकार्नुपर्ने हुनसक्ने विचार व्यक्त गर्दैआएको छु ।

**अब म पार्टी र जनप्रतिनिधिको नजरले वर्णन लेख्न अनुमति लिन्छु ।**

**पार्टीभित्रको निरुत्साहन :** यस्ता राष्ट्रहितका विषयमा साहसपूर्वक धारणा राख्ने सांसदलाई कांग्रेसका केही पदाधिकारीहरूले हतोत्साहित र निषेध गर्ने प्रयास गरिरहेका छन्। यो चर्चा परसम्म फैलिएको छ। तर साथीहरूको यो प्रयास निर्बलियो साबित हुनेछ। र राजेन्द्र बजगाई यसलाई बेवास्ता गर्दै आफ्नो विचारधारा र नीतिमा अडिग रहन्छ ।

**निष्कर्ष**: मैले यहाँ पटक पटक म अर्थात् राजेन्द्र बजगाईं भनिरहेको छु यो आत्म चर्चा Self Praise होईन । हामी जस्ता सांसदहरूले नेपाललाई नयाँ युगतर्फ लैजान र राष्ट्रिय स्वार्थलाई प्राथमिकतामा राख्न योगदान गर्न सक्छन्। पार्टीले स्पष्ट र केहि साहसी व्यक्तित्वलाई समर्थन गर्नु, निन्दा वा निषेधभन्दा बढी आवश्यक छ। नेपाली राजनीतिमा मैले उठाएका मुद्दाहरूले दिगो राष्ट्रनिर्माण र स्वाधीनताको रक्षा गर्न मद्दत पुर्‍याउनेछ ।

**म भन्छु : साँचो लोकतन्त्रले साहस माग्छ–सत्य बोल्न, गलत कार्यलाई प्रश्न गर्न, र पार्टीको राजनीतिभन्दा जनतालाई प्राथमिकता दिन ।**

**१. निर्वाचित प्रतिनिधिहरू:** पार्टीभन्दा परको जिम्मेवारी

निर्वाचित भएपछि सांसद वा सेनेटर संविधान, नैतिकता, र सिद्धान्तअनुसार आफ्नो राजनीतिक पार्टीसँग निष्ठावान हुनुपर्छ। तर, यसको ठूलो जिम्मेवारी देश र जनताको हितमा केन्द्रित हुन्छ, विशेषगरी नेपालको जस्तो संसदीय लोकतन्त्रमा ।

उदाहरणका लागि, नेपाली कांग्रेसका प्रमुख सचेतकले कुनै सार्वजनिक कार्यक्रममा समाजवादलाई पार्टीको मूल सिद्धान्त भएको तथ्यलाई बेवास्ता गर्दै पुँजीवादलाई समर्थन गरे हुन त म पनि व्यक्तिगत रूपले पूँजीवाद अर्थात् Center to right मा विश्वास गर्न लालायित व्यक्ति हुँ। यो विचार प्रमुख सचेतकको केवल विरोधाभासी

पत्राचार ठेगाना :
७००-५४०२१६ सुवर्ण शम्शेर मार्ग
का.म.न.पा. ४, बालुवाटार
मोवाइल : ९८५१०२२७१७, फोन : ०१-४४३११७७

कार्यालय :
नेपाली कांग्रेस संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२०००

rajendrabajgain.nc@gmail.com

ncparliamentary@gmail.com

राजेन्द्र बजगाई
प्रतिनिधि सभा सदस्य
(गोरखा क्षेत्र नं. १ )

मात्र भएन, गम्भीर रूपमा लज्जास्पद पनि बन्यो। तथापि, उनि पार्टी वरिष्ठ पदाधिकारीका प्रिय व्यक्ति भएकाले उनीमाथि कुनै प्रश्न उठेन। यस्ता अप्रत्यक्ष घटनाहरूले पार्टी अनुशासनलाई कमजोर बनाउँछ र जनताको विश्वासलाई कमजोर पार्छ । यस परिप्रेक्षमा प्रमुख सचेतकले सार्वभौम संसद सदस्यमाथि औँला उठाउने नैतिकताको ठाँउ रहदैन ।

२. **सरकारका मन्त्री देशका प्रतिनिधि हुन्**, पार्टीका मात्र होइनन्। यदि कुनै पार्टी सदस्यले मन्त्रीको दुराचार वा भ्रष्टाचारबारे प्रश्न उठाउँछ भने, यसलाई आन्तरिक पार्टी विवादको रूपमा नभई सार्वजनिक जवाफदेहिताको कार्यको रूपमा हेरिनुपर्छ। मन्त्रीले आफ्नो कार्यको जवाफदेहिता देशप्रति पुऱ्याउनुपर्छ, र तिनका गतिविधि वा आलोचनालाई लोकतान्त्रिक पारदर्शिताको हिस्साका रूपमा स्वीकार गर्नुपर्छ ।

**३. न्याय र पारदर्शिताका लागि प्रश्न उठाउने स्वतन्त्रता:**

यदि राजनीतिक दलहरूले सांसदहरूलाई दुराचारबारे प्रश्न उठाउन वा चिन्ता व्यक्त गर्न रोक्छ भने, उनीहरूले न्याय र पारदर्शितालाई अवरुद्ध गर्छन्। लोकतन्त्र खुला संवाद, जवाफदेहिता, र निर्वाचित प्रतिनिधिहरूले दण्डहीनताको डरबिना मुद्दाहरू उठाउन पाउनुपर्ने स्वतन्त्रतामा आधारित हुन्छ ।

भ्रष्टाचारको विरोधमा बोल्नु, चाहे त्यो आफ्नै पार्टी सदस्यविरुद्ध किन नहोस्, विश्वासघात होइन–यो देशको सेवा हो। जवाफदेहिता माग्ने आवाजलाई दबाउने प्रयासले दण्डहीनताको संस्कृति मात्र कायम राख्छ। साहस र निष्ठाको लागि आह्वान प्रतिनिधिको रूपमा, भ्रष्टाचारको विरुद्ध लड्ने मेरो प्रतिबद्धता दृढ छ। यस्ता महत्त्वपूर्ण मुद्दाहरूमा पार्टीले चुप लाग्नुपर्ने अपेक्षा गर्नु दुःखद छ। आवाज दबाउनुभन्दा, हाम्रो राजनीतिक प्रणालीभित्र खुलापन र इमान्दारीतालाई प्रोत्साहन गर्नुपर्छ।

**अघि बढ्ने बाटो जवाफदेहिता सुदृढ बनाउने:** पार्टीप्रतिको निष्ठाले देशप्रतिको कर्तव्यलाई ओझेलमा पार्न नपाओस्।

पारदर्शितालाई प्रोत्साहन गर्ने: निर्वाचित प्रतिनिधिहरूले स्वतन्त्र रूपमा चिन्ता व्यक्त गर्न सक्ने प्रणाली तयार गर्नुहोस्।

**भ्रष्टाचारको विरुद्ध लड्ने:** न्याय कायम गर्न कुनै पूर्वाग्रह वा पक्षपातबिना आरोपहरूको समाधान गर्नुहोस्।

**अन्तर्निहित प्रतिलिपि संस्कार !**

पत्राचार ठेगाना :
७००-५४०२१६ सुवर्ण शम्शेर मार्ग
का.म.न.पा. ४, बालुवाटार
मोवाइल : ९८५१०२२७१७, फोन : ०१-४४३११७७

कार्यालय :
नेपाली कांग्रेस संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२०००

rajendrabajgain.nc@gmail.com

ncparliamentary@gmail.com

**राजेन्द्र बजगाई**
**प्रतिनिधि सभा सदस्य**
**(गोरखा क्षेत्र नं. १ )**

किन राजनीतिक पार्टीले निर्वाचित सदस्यहरूसँग अलग हुनु हुँदैन?

जब कुनै सांसद वा सभासद निर्वाचित हुन्छ, उनीहरूले आफूलाई भोट दिने जनतासँगै तिनलाई सिफारिस गर्ने राजनीतिक दलको विस्तारित एजेन्डालाई पनि प्रतिनिधित्व गर्छन्। यो दोहोरो जिम्मेवारीका कारणः सामूहिक शासनः राजनीतिक दलहरूले टिमका रूपमा काम गर्छन्, आफ्नो दृष्टि र नीतिहरू कार्यान्वयन गर्न एकताबद्ध प्रयास सुनिश्चित गर्छन्। पार्टीबाट अलग हुनु शासन विखण्डन र उत्तरदायित्वको कमीको कारण बन्न सक्छ । भन्ने बिषयमा म स्पष्ट छु ।

समितिमा सहकार्यः निर्वाचित प्रतिनिधिहरूले राष्ट्रिय मुद्दाहरू सम्बोधन गर्न संसदीय वा समितिमार्फत काम गर्नुपर्छ। यि समितिहरू प्रायः पार्टीका आधारमा संरचित हुन्छन्, जसले नीतिनिर्माण र अनुगमनमा सहकार्य सुनिश्चित गर्छ ।

राष्ट्रप्रतिको उत्तरदायित्वः आफ्नो क्षेत्रका जनतालाई प्रतिनिधित्व गर्दा पनि सांसदहरू राष्ट्रिय हितमा काम गर्नुपर्छ, जसले प्रायः पार्टीको विस्तारित विधायी उद्देश्यहरूसँग मेल खानुपर्ने हुन्छ ।

**किन नेपाली कांग्रेसले आफ्ना सांसदहरूलाई नियन्त्रणमा राख्छ ?**

नेपाली कांग्रेस, कुनै पनि राजनीतिक दलझैं, आफ्नो सदस्यहरूमाथि अनुशासन, स्थिरता र एकता कायम गर्न नियन्त्रण राख्छ।

**यसको कारणहरू:**

**नीतिगत कार्यान्वयनः** सदस्यहरूले पार्टीले स्वीकृत गरेका विधेयक र पहलहरू समर्थन गर्ने सुनिश्चित गर्दै पार्टीको म्यान्डेट कमजोर हुन दिँदैन। तर कांग्रेसले सांसदहरूलाई न्याय र पारदर्शिताका लागि प्रश्न उठाउने स्वतन्त्रतामा अंकुश लगाउन पाउने छैन ।

**गुटबन्दीको रोकथामः** नियन्त्रण बिना आन्तरिक विभाजनले पार्टीको प्रभावकारिता र विश्वसनीयतालाई कमजोर बनाउन सक्छ ।

**सङ्ख्यात्मक बलः** संसदमा एकताबद्ध मोर्चा प्रस्तुत गर्दा वार्ता शक्ति र विधायी निर्णयमा प्रभावकारिता बढ्छ। तर, संसद पदको गरिमा बचाउनु भनेको नबोल्नु लुकाउनु पक्कै होईन । **यो पद मेरा साना दुखले आर्ज्याको होईन यो अन्त्यन्त गरिमाको पद हो तर सत्यको मुख भन्ने यसले थुन्न सक्दैन, अन्यथा यो निष्क्रिय गर्दिनु पर्दछ ।**

पत्राचार ठेगाना :
७००-५४०२१६ सुवर्ण शम्शेर मार्ग
का.म.न.पा. ४, बालुवाटार
मोवाइल : ९८५१०२२७१७, फोन : ०१-४४३११७७

कार्यालय :
नेपाली कांग्रेस संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२०००

rajendrabajgain.nc@gmail.com
ncparliamentary@gmail.com

राजेन्द्र बजगाई
प्रतिनिधि सभा सदस्य
(गोरखा क्षेत्र नं. १ )

**किन सांसदहरूले आफ्नो पार्टीलाई लेवी तिर्नुपर्छ ?**

लेवी वा आर्थिक योगदान पार्टीको सञ्चालन र राजनीतिक गतिविधिहरूलाई कायम राख्न आवश्यक छ । यसको कारणहरू:

पार्टी गतिविधिहरूको वित्तपोषण: राजनीतिक संगठन सञ्चालन गर्न प्रचार, अनुसन्धान र जनसंपर्कका लागि खर्च लाग्छ, जसका लागि सामूहिक वित्तपोषण आवश्यक हुन्छ ।

पार्टीले जनताबाट निर्वाचित सांसद (Member of Parliament) वा अन्य जनप्रतिनिधिहरूसँग लेवी लिइरहन सुहाउँछ कि सुहाउँदैन भन्ने विषयमा विभिन्न दृष्टिकोण छन्।

**पार्टीले लेवी किन लिन्छ ?**

**पार्टी सञ्चालनका लागि स्रोत जुटाउन:**

चुनाव लड्न, पार्टीको कार्यालय सञ्चालन गर्न, जनसरोकारका कार्यक्रम गर्न, र पार्टीका संगठनलाई सुदृढ गर्न आर्थिक स्रोत आवश्यक हुन्छ। निर्वाचित प्रतिनिधिहरूले पार्टीको समर्थनबाट जितेका कारण आफ्नो हिस्साको जिम्मेवारी स्वरूप योगदान गर्नु उचित ठहरिन्छ। सांसद वा प्रतिनिधिको जितमा पार्टीको संगठन, चुनाव प्रचार, र राजनीतिक संरचनाको ठूलो भूमिका हुन्छ। यसले जितपछि सांसदले पार्टीको दीर्घकालीन हितमा योगदान दिनुपर्ने नैतिक आधार तयार गर्छ ।

**जनताप्रतिको उत्तरदायित्व प्राथमिक हुनुपर्छ :**

सांसदलाई निर्वाचित गर्न पार्टी मात्र नभई जनताको विश्वास मुख्य हुन्छ। सांसदको आयबाट पार्टीले लेवी लिँदा, यो आम जनताका लागि अनुचित देखिन सक्छ किनकि सांसदले राज्यबाट तलव र भत्ता जनताको करबाट प्राप्त गर्छन्। जनताको हितका लागि काम गर्नु सांसदको पहिलो दायित्व हो, र पार्टीको आर्थिक योगदानले यसलाई कमजोर बनाउन हुँदैन। तर पारदर्शिता र उद्देश्य दुरुपयोगको सम्भावना र गुटबन्दीलाई समर्थन गर्न यस रकम प्रयोग भयो भने यो अनुचित हुन्छ । **के यो सुहाउँदो छ ?**

पत्राचार ठेगाना :
७००-५४०२१६ सुवर्ण शम्शेर मार्ग
का.म.न.पा. ४, बालुवाटार
मोवाइल : ९८५१०२२७१७, फोन : ०१-४४३११७७

कार्यालय :
नेपाली कांग्रेस संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२०००

rajendrabajgain.nc@gmail.com
ncparliamentary@gmail.com

**राजेन्द्र बजगाईं**
**प्रतिनिधि सभा सदस्य**
**(गोरखा क्षेत्र नं. १ )**

सांसदहरूलाई अनावश्यक आर्थिक दबाबः

कतिपय अवस्थामा, निर्वाचित प्रतिनिधिले आफ्नो क्षेत्रमा विकासका लागि काम गर्न आवश्यक स्रोतको अभाव भोग्छन्। यस्तो अवस्थामा पार्टीलाई ठूलो लेवी बुझाउनु उनीहरूका लागि अनावश्यक आर्थिक भार हुन सक्छ। सांसद वा जनप्रतिनिधिहरूबाट उठाइएको लेवीले के जनता प्रत्यक्ष रूपमा लाभान्वित भइरहेका छन्? पार्टीले लेवी उठाउँदा सांसदहरूको स्वतन्त्रता र पारदर्शितामा असर परेको छ कि छैन? लेवी प्रणालीले लोकतान्त्रिक मूल्य र जनताप्रतिको जवाफदेहिता कमजोर बनाउन त खोजेको छैन? निष्कर्षः जनप्रतिनिधिको निष्ठा र उत्तरदायित्वलाई कमजोर बनाउने गरी होइन, पारदर्शिता, उद्देश्य र स्वेच्छाको आधारमा हुनुपर्छ। पार्टी र सांसदबीचको आर्थिक सम्बन्ध जनताको हितलाई प्राथमिकता दिने गरी व्यवस्थापन हुनुपर्छ। सांसदहरूलाई लेवी तिर्न बाध्य पारेर गुटबन्दी बलियो बनाउने वा पार्टीको दुरुपयोगको सम्भावना भएको प्रणाली सुहाउँदैन । यसरी आर्जित पार्टीको पदमा पुगेका पदाधिकारीहरु गुटका बलमा स्वेच्छाचारी बन्न सक्ने खतरा हुन्छ ।

सांसदहरूले आफ्नो निर्वाचन सफलता प्रचुर रूपमा पार्टीको समर्थन र स्रोतहरूलाई श्रेय दिनुपर्छ, त्यसैले योगदान न्यायसंगत छ ।

संगठन सुदृढीकरणः नियमित योगदानले पार्टी संरचनाहरूलाई दिगो र प्रभावकारी बनाउँछ। किन आन्तरिक गुटबन्दी विकासका लागि बाधक हुन्छ? पार्टीभित्रको गुटबन्दीले अस्थिरता सिर्जना गर्छ, जसले प्रगति र शासनलाई रोक्छ । नीतिगत ठप्पताः आन्तरिक विवादहरूले राष्ट्रिय मुद्दाहरूबाट ध्यान मोड्छ, जसले नीति निर्माण र कार्यान्वयनमा ढिलाइ गर्छ। नेतृत्व कमजोर हुनुः नेतृत्व संघर्षले जनताको विश्वास गुमाउन सक्छ र पार्टीको नेतृत्व क्षमता घटाउँछ ।

**श्रोतहरूको दुरुपयोगः** गुटबन्दीले शासकीय र विकासका लागि प्रयोग गर्न सकिने श्रोतहरू खर्च गर्छ। अस्थिर सरकारः गुटबन्दीका कारण नेतृत्व वा प्राथमिकतामा बारम्बार परिवर्तन हुँदा नीतिगत असङ्गतता र अक्षमता आउँछ ।

म निचोडमा पुगेको छैन यद्यपि, राजनीतिक दल र तिनका निर्वाचित प्रतिनिधिहरूले सामूहिक लक्ष्यहरू पूरा गर्न सँगै काम गर्नुपर्छ। पार्टी अनुशासनले राष्ट्रिय विकास र नीतिगत कार्यान्वयनका लागि एकताबद्ध प्रयास सुनिश्चित गर्दै पार्टी कार्यक्रम सञ्चालनलाई कायम राख्छ, सदस्यहरूको साझा जिम्मेवारीलाई प्रतिबिम्बित गर्छ ।

गुटबन्दीले स्थिरता, शासन र प्रगतिको बाटो बन्द गराउँछ, त्यसैले विकासका लागि पार्टीभित्र एकता आवश्यक छ ।

पत्राचार ठेगाना :
७००-५४०२१६ सुवर्ण शम्शेर मार्ग
का.म.न.पा. ४, बालुवाटार
मोवाइल : ९८५१०२२७१७, फोन : ०१-४४३११७७

कार्यालय :
नेपाली कांग्रेस संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२०००

rajendrabajgain.nc@gmail.com
ncparliamentary@gmail.com

**राजेन्द्र बजगाई**
**प्रतिनिधि सभा सदस्य**
**(गोरखा क्षेत्र नं. १ )**

"विषय वा प्रसंग संयोग हुन्" भनी सार्वजनिक रूपमा आरोपित हुने स्थितिहरूको मूल कारण असंयमित टिप्पणी र जिम्मेवारीप्रतिको लापरवाही हो । यसले सरकारमा अवतरित जनप्रतिनिधिको नैतिकता र पार्टीको विश्वसनीयतामा प्रश्न उठाउँछ। पार्टीबाट सरकारमा प्रतिनिधित्व गर्न गएकाहरूबाट जनजीबिका आमजनसाधारण अन्तर्राष्ट्रीय प्रतिष्ठा कहाँ गुम्यो कहाँ चुलियो यो मूल्याँकन गर्न हामी तैयार छौ ? निरपेक्ष ढंगले भन्नुपर्दा यो मिति सम्म नेपालको परराष्ट्र क्षेत्रमा तत् मन्त्रालयले शीर उठाएको छ। नेपालका अन्य क्षेत्रमा प्रवेश गरिन यत्ति भन्छु नेपाली पर्यटन क्षेत्र ध्वस्त पारियो ।

जनप्रतिनिधिहरूले आफ्नो जिम्मेवारीलाई गम्भीर रूपमा लिएर राष्ट्रिय स्वार्थलाई प्राथमिकतामा राख्नुपर्छ, न कि व्यक्तिगत वा गुटगत स्वार्थलाई। लोकतन्त्रको सफल कार्यान्वयनका लागि पारदर्शिता, जवाफदेहिता, र मर्यादापूर्ण आचरण अपरिहार्य छन् ।

स्वतन्त्र प्रेसको भूमिका तोडमोड गर्नु: जनप्रतिनिधिहरूले प्रेसको विश्लेषणलाई आफ्नो दृष्टिकोणबाट तोडमोड गरेर प्रस्तुत गर्नु लोकतन्त्रको मर्म विपरीत छ ।

विश्व सम्पदा क्षेत्रको मर्यादा भुल्नु: यदि कुनै जनप्रतिनिधिले संरक्षित क्षेत्रहरूको नेतृत्व र जिम्मेवारीलाई लत्याएर विवादस्पद र कपोकल्पित टिप्पणी गर्छ भने, यसले नेपालको गरिमा र विश्वसमक्षको छविमा हानि पुर्याउँछ।गैरवैधानिकता र मर्यादाको उल्लंघनः जनताको विश्वासबाट निर्वाचित व्यक्तिहरूबाट तथ्यहीन र असंयमित मन्तव्य आउँदा कानूनी मापदण्डः पार्टीका गुटगत स्वार्थका लागि सार्वजनिक मुद्दालाई तोडमोड गरेर प्रस्तुत गर्नु संवेदनशील मुद्दाहरूमा गैरजिम्मेवार व्यवहारले अन्तर्राष्ट्रिय रूपमा नेपालप्रति नकारात्मक छवि निर्माण गर्न सक्छ ।

सरकारमा अवतरित मन्त्रीहरूका गतिविधिलाई पार्टी भित्र लुकीछिपी गर्न मिल्दैन भन्ने उदाहरण कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले ऊर्जा जलस्रोत सिंचाई राज्यमन्त्री पुर्णबहादुर तामांग माथि सोधिएका प्रश्नहरू ले पृष्ट गर्दछ। हामिले नेपाल सरकारका मन्त्रीहरूलाई प्रश्न गरिरहेका छौ । नेपाली कांग्रेसका सदस्य पदाधिकारीहरू लाई होईन भन्ने कम्तिमा यो काल पर्यन्त यो सरकारको मन्त्रीलाई सोधिएका प्रश्नहरूमा पार्टी संसदीय दल र कांग्रेस केन्द्रीय अनुशासन समितिलाई उत्साहित गर्न आवश्यक छैन थिएन ।

स्मरण रहोस, कांग्रेसको इतिहासमा भूदेव राई विपि कोईराला संग असहमति राख्ने नेता हुनुहुन्थ्यो। श्रदेय सभापति शेरबहादुर देउवा ज्यूले श्रदेय गिरिजा प्रसाद कोईराला ज्यूसंग सर्वाधिक असहमतिको लड़ाई लडेर आएको इतिहास छ । महामन्त्री गगन कुमार थापा ज्यूको लड़ाई र असहमतिको यात्राको वर्णन मैले यहाँ गरिन ।

पत्राचार ठेगाना :
७००-५४०२१६ सुवर्ण शम्शेर मार्ग
का.म.न.पा. ४, बालुवाटार
मोवाइल : ९८५१०२२७१७, फोन : ०१-४४३११७७

कार्यालय :
नेपाली कांग्रेस संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२०००

rajendrabajgain.nc@gmail.com

ncparliamentary@gmail.com

राजेन्द्र बजगाई
प्रतिनिधि सभा सदस्य
(गोरखा क्षेत्र नं. १ )

पार्टी भन्दा माथि देश छ, तर मलाई डर लाग्न थालेको छ कि मैले भ्रष्टाचार गरेको होईन मेरो वित्तपोषण भएको छैन भन्ने संगठित स्वर चर्कने र घन्किने गरेको छ । मन्त्री पछाडी वर्दीको पार्श्व जम्दारसाब काप्नेगरि Close Protection का सईसाबका हातका संचार साधन भुईं झर्ने गरि चिच्च्याएर सत्य लुक्दैनन्। निर्दोषले चिच्च्याउने आवाज दोषीको कब्जामा जानु हुदैन ।

Allowed me to celebrate Mike Tyson and end my note.

Mike Tyson's resilience and wisdom truly shine through his words! Here's to the champ at 57, proving age is just a number.

“We all have to control our feelings. That’s the thing that separates us from animals.”

A testament to discipline and self–mastery, crucial in both the ring and life.

“Greatness is given to us all. But only a select few can handle the ride.”

A reminder that the journey to greatness demands strength, perseverance, and courage.

Happy Mike Tyson Day—celebrating a legend who's still fighting strong!

**जय नेपाल !**

राजेन्द्र बजगाई

महासमिति सदस्य गोरखा १

पत्राचार ठेगाना :
७००-५४०२१६ सुवर्ण शम्शेर मार्ग
का.म.न.पा. ४, बालुवाटार
मोवाइल : ९८५१०२२७१७, फोन : ०१-४४३११७७

कार्यालय :
नेपाली कांग्रेस संसदीय दलको कार्यालय
सिंहदरबार, काठमाडौं
फोन : ०१-४२०००

rajendrabajgain.nc@gmail.com

ncparliamentary@gmail.com